# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

## नदिजन्य पदार्थको बिक्रिका लागी सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सुचना
**(तेस्रो पटक प्रकाशित मितिः २०७९/०९/२२ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६४ च, को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी राजपत्रमा प्रकाशित दफा ८ को उपदफा (१) संग सम्बन्धीत अनुसुची ८ दहत्तर बहत्तर शुल्कमा तोकेको बिक्रि गने गरी ठेक्का बन्दोबस्त गर्नुपने भएकोले ईच्छुक फर्म वा कम्पनिहरुले फर्मको नबिकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ.ब. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

**स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिम देहायका निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, मोरङ्ग र बालुवा उत्खनन र घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।**

**तपशिलः**

| सि.नं. | बोलपत्र नं./सुचना नं. | बोलपत्रको नाम | उत्खन्न परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| | KRM-NCB-05-079/080 | कुमाख गाउँपालिका अन्तर्गत **चिसापानी, चिसापानी घुम्ति, दारिम पाखा घुम्ति, त्रिवेनी, नौलिखोला, भन्डार खोला, कैन्गार खोला, सान्ति बजार, ढारे खोला, मर्मामोर, घट्टाचौर र कुहिए पानी, बासखोला र बर रुख फेदि**बाट नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टि, बालुवा, तथा मिस्कट) उत्खन्न तथा संकलन र बिक्रि बितरण कार्य । | ८०९७८ | ६४,७८,२४०.००।- | कबोल अंकको ५ प्रतिशत | ३००० |

**शर्तहरुः**

१, बोलपत्रदाताले कुमाख गाउँपालिकाको कार्यालयबाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्नुपर्ने छ ।

२, फमको नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७८/७९ को करचुत्ता प्रमाणपत्रको प्रतिलिपि र बोलपत्र फारम दस्तुर **रु ३०००।०० (तिन हजार)** पछि फिर्ता नहुने गरी यस कार्यालयको **हिमालयन बैंक लि. कुमाख शाखामा** रहेको यस कार्यालयको आन्तरिक **राजश्व खाता नं. ०५९०७७९७६३००११** मा नगद जम्मा गरेको बैंक भैचर साथ निवेदन पेश गर्ने ।

३, बोलपत्र पेश गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

४, बोलपत्र सम्बन्धी फारम भर्दा कवोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेखे गर्नुपर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५, आफुले कवोल गरेको अंकले **५ प्रतिशतको** दरले हुन आउने धरौटि यस कार्यालयको हिमालयन बैंक लि. कुमाख शाखामा रहेको यस कार्यालयको धरौटि **खाता नं.०५९०७७९७६३००५९** मा जम्मा गरी सोको संकलन बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट क वर्ग इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी **१२०** दिनको म्याद जारी गरिएको बिड वण्ड बोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्नेछ ।

६, एक फर्म वा सस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूवक पर्न आएमा बोलपत्र सम्बन्धी कागजातहरु **मिति २०७९/०९/२५ गते दिनको १ बजे** कार्यालयका प्रतिनिधि, निर्माण ब्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७, म्याद नाघी, रीत नपुगी वा शर्तरहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८, बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले **७ दिनभित्र** भ्याट सहित कबोल अंकको प्रथम किस्ता बापत **५० प्रतिशतले** हुने रकम अनिवार्य बुझाउनुपर्ने छ । दोस्रो किस्ताबापत **२५ प्रतिशतले हुने (२०७९ साल फाल्गुन मसान्त भित्र)** र तेस्रो किस्ताबापत २५ प्रतिशतलेहुने **(२०८० साल जेष्ठ मसान्त भित्र)** रकम बुझाउनु पर्नेछ । नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा **२०८० साल असोज मसान्त सम्म** म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (**परफरमेन्स बन्ड**) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप **१३ प्रतिशत भ्याट** रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

९, तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस **कुमाख गाउँपालिकाका** नदि तथा नदिहरुको उत्खन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन २०७४, सम्बन्धीत स्थानिय तहबाट जारी कानुन, प्रदेश कानुन वा मापदण्ड वमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको विभिन्न वर्ग मानिनेछ ।

**नोट**

१, यस अघि ठेक्का सम्मपन्न भई यस कार्यालयलाई बुझाउन बाँकी किस्ता बापतको रकम बुझाउन बाँकी बोलपत्रदाताको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

२, बिस्तृत जानकारीको लागी यस कार्यालयको website www.kumakhmun.gov.np मा समेत हेर्न सकिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**